# आशमाया उपन्यासमा सबाल्टर्न चेतना र प्रतिरोधी स्वर

गोपालबाबु मरहट्टा[1]

[1] विद्यावारिधि शोधार्थी, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय

**Email**
gopal.marahatta84@gmail.com

प्रकाशन : २०८३ असार
Publish: 2026 June

**Doi:**
https://doi.org/10.3126/bns.v29i1.95328

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2026 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:** https://www.nepjol.info/index.php/bns

**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## *लेखसार*

यस अध्ययनमा आशमाया उपन्यासमा पञ्चायतकालीन सामन्तवादी सत्ताले अङ्गीकार गरेको सीमान्तीकृत वर्ग विरोधी विचारका विरुद्ध विकास भएको प्रतिरोध चेतनाको विवेचना गरिएको छ। आशमाया प्रगतिवादी चिन्तनधाराका प्रभावबाट तयार भएको उपन्यास हो। प्रस्तुत अध्ययन यस उपन्यासकी मुख्य नारी पात्र आशमायामा विकास भएको प्रभुत्वका विरुद्ध प्रतिप्रभुत्वको चेतना र प्रतिरोधी आवाजको विश्लेषणमा केन्द्रित छ। यस अध्ययनमा मूलसमस्या निरूपणका लागि पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। शासक वर्गको दमनकारी शक्तिको प्रभावबाट सृजित विभेद र त्यसको प्रभावका विरुद्ध नारी सबाल्टर्नमा विकास भएको चेतना र प्रतिरोधको स्वर सशक्त बनेको छ। पुरुषप्रधान सामन्ती राज्यसत्ताको मारमा परेका अधिकारविहीन वर्ग र तत्कालीन समाजको परिवेशको प्रस्तुति भएको प्रमाणका आधारमा प्रतिरोध चेतनाको विमर्शका दृष्टिले यो सामग्री अध्ययनीय रहेको छ। उपन्यासको केन्द्रमा पञ्चायती व्यवस्था तथा उत्पीडित वर्गको भूमिकामा प्रतिरोधी चेतना भएका नारी पात्रको उपस्थिति छ। प्रस्तुत लेखमा सीमान्त नारीसमुदायले भोग्नुपरेका जटिलता, आरोह अवरोहका गति, यातना, दमन र पीडाभित्रबाट नारीसमुदायमा विकास भएको युगान्तकारी चेतनाको विश्लेषण गरिएको छ। वर्गीय, लैङ्गिक र जातीय विभेदको चित्रण भएको यस उपन्यासमा व्यवस्था परिवर्तन भएपछि पनि नारीहरूले भोग्नुपरेका जटिलता र उनीहरूमा विकास भएको क्रान्तिचेतना सशक्त बनेको निष्कर्ष निकालिएको छ।

***शब्दकुन्जी:*** सामन्तवाद, सबाल्टर्न चेतना, प्रतिरोध, प्रभुत्व, विद्रोह, क्रान्तिचेतना, पहिचान र प्रतिनिधित्त्व।

## अध्ययनको पृष्ठभूमि

आशमाया प्रगतिवादी उपन्यास हो। डि. पी. अधिकारी (२०२५) द्वारा लिखित उक्त उपन्यासको सबाल्टर्न आशमायाको सङ्घर्षमयी जीवनगाथा प्रस्तुत गरिएको यस उपन्यासमा उत्पीडित वर्ग र लिङ्गको उन्मुक्तिको स्वर सशक्त रूपमा प्रकट भएको छ। सबाल्टर्न आशमायाले प्रभुत्वशाली वर्गका विरुद्ध प्रकट गरेको विद्रोहको स्वर र प्रतिरोधी चेतनालाई उपन्यासकारले यहाँ मुख्य विषय बनाएका छन्। उपन्यासमा सबाल्टर्न आशमायाका माध्यमबाट उपन्यासकारले युग चेतनाको सञ्चार गरेका छन्। क्रान्तिकारी चरित्रकी पात्र आशमायाको माध्यमबाट सामाजिक

यथार्थवादी नैतिक मूल्य र मानवीय संवेदनालाई प्रस्तुत उपन्यासमा अभिभूत गरिएको छ । उपन्यासमा सबाल्टर्न आशमाया तत्कालीन प्रभुत्वशाली सत्ताका प्रतिनिधिहरूबाट हेपिएकी छ । सामन्त वर्गको शक्ति र प्रभुत्वको प्रभावले आशमाया समाजको मूलधारबाट बाहिर छ । चरम गरिबीको कारण समाजका सम्पन्नहरूबाट हेपिँदै आएकी आशमायाको जीवनमाथि शासक वर्गले दमन र यातनाका असीम पीडा थोपरेको छ । आशमायामाथि विभेद गर्ने ऐन कानुनको निर्माण गरेर उसको पहिचानमाथि शासक वर्गले चुनौती खडा गरेको छ । निरङ्कुश पुरुषवादी उत्पीडनको जन्जिरमा कैद गरिएकी आशमायाले उत्पीडन सहन नसकेपछि आफूलाई हीनतामा होइन विद्रोह र सङ्घर्षमा रूपान्तरित गरेकी छ । अन्यायका विरुद्ध उसको वैचारिक चेतना उपन्यासमा सशक्त बनेर आएको छ । समाजमा शक्तिशाली, विजयशाली, सक्षम र सबल मानिने पितृसत्तासँग उसले कठोर सङ्घर्ष गर्नुपरेको छ । ऊ आफ्नो अस्मिता रक्षाका लागि अमूल्य रगत बगाउन पनि तयार देखिएकी छ । युग, जीवन र समाजको गम्भीर समीक्षा गर्दै उपन्यासमा आशमायाले सत्यको खोजी गरेकी छ । समाजमा सामन्ती हैकमको केन्द्रमा रहेको पुरुषको आधिपत्य, नारीमाथि पुरुषको उत्पीडनका विरुद्ध उठेको आशमायाको उच्च स्वर एवम् स्वाभिमान र स्वाधीनताको निम्ति विकास भएको वीराङ्गनाभाव एवम् प्रतिरोधी चेतलाई यस उपन्यासमा सशक्त रूपमा प्रस्तुत गरिएको छ । प्रगतिवादी उपन्यास शिक्षणका सन्दर्भमा उक्त उपन्यासमा भएको नारीमाथिको हिंसा, प्रभुत्वशाली वर्गको शासकीय चरित्र र स्वभावको निन्दा, विसङ्गत र विकृत सामाजिक, सांस्कृतिक परिपाटीको विरोध, समाजमा विद्यमान सबाल्टर्न वर्गीय यथार्थको प्रतिबिम्बन, सबाल्टर्न वर्गमा प्रभुत्वशाली वर्ग विरुद्ध उठेको विद्रोह, नवीन सामाजिक मूल्य स्थापनाको चाहना र परिवर्तनकामी विद्रोहबोध जस्ता विविध पक्षलाई विशेष महत्त्वका साथ शिक्षण गरिन्छ । यसर्थ यस लेखमा विवेच्य उपन्यासमा सबाल्टर्न आशमायाको प्रतिरोधी चेतना, प्रभुत्वका विरुद्ध प्रतिप्रभुत्वको खोजी र सबाल्टर्न वर्गीय चेतनाको विश्लेणण निम्नानुसारको सैद्धान्तिक सूचकका आधारमा गरिएको छ । यस लेखको उद्देश्य आशमाया उपन्यासमा प्रभुत्व र प्रतिप्रभुत्वको द्वन्द्वात्मक अवस्थाको विश्लेषण गर्नु र आशमाया उपन्यासमा प्रतिरोध चेतनाको खोजी गर्नु हो ।

## सैद्धान्तिक पर्याधार

सबाल्टर्न समाज, राजनीति, संस्कार, संस्कृति र अर्थव्यवस्था आदि मान्छेका क्रियाशीलतामा हुने विभिन्न क्रियाकलापभित्र बहिष्करणमा परेका असहभागी र तिरस्कृत समुदायलाई बुझाउने शब्द हो । सबाल्टर्न शब्दका प्रतिपादक एन्टोनियो ग्राम्सी (सन् १६९१–१९३७) हुन् । इटालीका मार्क्सवादी चिन्तक ग्राम्सीका अनुसार सबाल्टर्नको अर्थ हो, अधीनस्थ हुनु । उनले चाहे त्यो देश, वर्ग, जाति, समुदाय, क्षेत्र धर्म र लिङ्ग नै किन नहोस् जो कसैबाट पनि अधीनस्थ हुनु सबाल्टर्न हो भनेर सबाल्टर्नको परिचय दिएका छन् । उनका अनुसार सबाल्टर्नको अर्थ निर्धा, निमुखा, हेपिएका र ओझलमा परेकाहरू भन्ने हुन्छ । सुरुमा बेलायती सेनामा क्याप्टेनभन्दा तलको पदलाई सम्बोधन गरिने 'सबाल्टर्न' शब्दलाई नै मार्क्सले सर्वहारा भनी प्रयोग गरेको देखिन्छ । जेलमा छँदा ग्राम्सीले जेलको कठोर अवस्थाबाट जोगिन धैरै ठाउँमा साङ्केतिक शब्दहरूको प्रयोग गरेका छन् । ऋषिराज बरालका अनुसार "इटालिएन भाषामा सामान्यतः 'सबाल्टर्नो' शब्दले निम्न, गौण, अधीनस्थ, दास, मातहतको व्यक्ति वा वर्गलाई जनाउँछ" (२०७३, पृ. १७२) । त्यही सबाल्टर्नो शब्द र ग्राम्सीको भावलाई ग्रहण गरी सन् १९८२ देखि रञ्जित गुहा, सुमित सरकार, गायत्री चक्रवर्ती स्पिभाकहरूले सबाल्टर्न स्टडिज अभियानको आरम्भ गरे । सुरुमा उनीहरूले प्रभुत्वशाली वर्ग र शासकीय सत्ताको माथिबाट लेखिने इतिहास लेखन परम्पराका विरुद्ध सबाल्टर्नको पक्षमा खोज केन्द्रित गरे । पछि साहित्यसँगै संस्कृतिका विविध पाटामा पनि खोजलाई फैलाएर सबाल्टर्न समूहको इतिहास र आवाज खोतल्न

थाले। सबाल्टर्न सम्बन्धी सिद्धान्तका प्रतिपादक, उन्नायक एवम् केन्द्रीय चिन्तक सुप्रसिद्ध विद्वान् ग्राम्सीका सबाल्टर्न विषयक धारणाहरू मरणोपरान्त प्रकाशित उनको पुस्तक प्रिजन नोटबुक्स (सन् १९७३) मा सँगालिएका छन्। ग्राम्सीद्वारा अघि सारिएको सबाल्टर्न तथा प्रभुत्व विषयक सिद्धान्तको गहिरो प्रभाव हाल आएर युरोप एवम् दक्षिण एसियामा रहेको पाइन्छ। हाल एसियामा मात्र नभै संसारमा नै सांस्कृतिक अध्ययनअन्तर्गत यस सिद्धान्तको प्रयोग व्यापक हुने गरेको छ। यसरी इतिहासविहीन, अधिकारविहीन र अवाजविहीन नारी, दलित, गरिब सर्वहारा जस्ता वञ्चित वर्गको अध्ययन गर्ने सिद्धान्तलाई नै सबाल्टर्न अध्ययन सिद्धान्त मानिन्छ।

सबाल्टर्न अध्ययनले सीमान्त वर्ग वा समुदायको अवस्थाका सन्दर्भमा गरिने अध्ययनलाई जनाउँछ। अझ विस्तृत रूपमा भन्दा साहित्यिक रचनाहरूमा सबाल्टर्न वर्ग/समुदायको अवस्थाको अभिव्यक्ति के कसरी भएको छ भन्ने मुख्य चासोको विषय नै सबाल्टर्न अध्ययनको मुख्य पक्ष हो। सबाल्टर्न अध्ययनले दक्षिण एसियाली समाज र राजनीतिको इतिहास लेखनलाई अवलम्बन गर्दै उपनिवेशित मुलुकका सीमान्तीय समुदायका जटिलतालाई प्रस्तुत गर्ने लक्ष्य राखेको छ। यसले कुनै न कुनै रूपमा पछि पारिएका किनारा लगाइएका वा मूलधारमा सहभागी हुन नसकेका समुदायको अध्ययनलाई उपनिवेशवादको केन्द्रीयतामा पर्गेल्ने प्रयत्न गरेको पाइन्छ। यसै अवधारणाबाट सबाल्टर्न अध्ययनको प्रारम्भ भएको कुरा स्वीकार गरिएको छ। सबाल्टर्न वर्गको स्वतन्त्रता र स्वायत्तताबारे ग्राम्सीको सबाल्टर्न र प्रभुत्वसम्बन्धी अवधारणालाई सबैभन्दा महत्त्वपूर्ण रूपमा हेरिन्छ। ग्राम्सीका अनुसार "सबाल्टर्न वर्ग वा समूह सधैँ अझ भनौँ, जागेको जस्तो वा विद्रोही देखिएको बेलामा समेत शक्तिशाली वर्गका अगाडि अधीनस्थ हुन्छ" (ग्राम्सी, सन् १९९६: पृ.५६)। सबाल्टर्नको इतिहासलाई सम्भ्रान्त वर्गको हैकमले छिन्नभिन्न बनाएको कुरा यहाँ ग्राम्सीले उल्लेख गरेका छन्। सबाल्टर्नको परिचय दिने सन्दर्भमा उनले जेलमा लेखेका रचनाहरूको सङ्कलन प्रिजन नोटबुक्समा 'प्रभुत्व' र 'दमन' शब्दको प्रयोग गरेका छन्। ग्राम्सीले प्रभुत्वशाली वर्गको विरुद्ध नयाँ संस्कृतिको निर्माण गर्नुपर्ने आवश्यकता औँल्याएका छन्। ग्राम्सीका अनुसार तत्काल नयाँ संस्कृति अस्तित्वमा नभएको हुनाले त्यसका लागि सङ्घर्ष आवश्यक छ र वर्चस्वको प्रवर्गले जनतामा पुग्ने रणनीतिलाई व्याख्या गर्ने सैद्धान्तिक अवसर प्रदान गर्दछ। यसरी ग्राम्सीले समाजमा सम्भ्रान्तीय हैकमवादी शक्ति कायम रहेसम्म परिवर्तन सम्भव नहुने र ऐतिहासिक क्रान्तिलाई सफल बनाइसकेपछि मात्र यो प्रक्रिया पूरा हुने कुरा उल्लेख गरेका छन्।

ग्राम्सीले सबाल्टर्न शब्दलाई सर्वहारा वर्गको अर्थका रूपमा प्रयोग गरेका छन्। अहिले आएर यस शब्दले प्रभुत्वशाली शक्ति संरचनाबाट बाहिर पारिएका र कुनै न कुनै रूपका किनारामा पारिएका नारी, दलित, जनजाति र विविध कारणले समाजमा पछि परेका व्यक्ति वा समूहलाई जनाउँछ। ग्राम्सीले यस शब्दलाई सर्वहाराकै रूपमा प्रयोग गरेका भए पनि हाल यसको अर्थमा केही परिष्कार, परिमार्जन तथा परिवर्तन भएको पाइन्छ। वर्तमान अवस्थामा यस शब्दले शासकीय शक्ति संरचनाभन्दा बाहिर रहेका सबै प्रकारका समुदायलाई अथ्या अर्थ्याउने गरेको छ। यस आधारमा एउटा व्यापक क्षेत्र ओगट्ने सबाल्टर्न शब्दले बहुसन्दर्भ र बहुस्थानका उत्पीडित समुदायलाई जनाउँछ। यसमा जाति, वर्ग, लिङ्गदेखि संस्कृतिसम्मका विविध क्षेत्रहरूमा किनारीकृत भएका र यस्ता जुनसुकै कारणबाट पहिचान हराएका व्यक्ति वा समुदाय पर्दछन्। ग्राम्सीको विचारलाई पछयाउँदै तारालाल श्रेष्ठ "स्वाधीनता गुमाएका सबाल्टर्नहरूमा आत्मिक स्वतन्त्रता हुँदैन, वर्ग वा प्रभुत्वमा रहेका व्यक्तिहरूले आवश्यक परेको समयमा सबाल्टर्नहरूलाई प्रयोग गर्छन् र महत्त्व सिद्ध हुनासाथ उनीहरूलाई किनारामा धकेल्ने भन्दछन्" (२०६८, पृ.१७)। यसरी हेर्दा सबाल्टर्न वर्गको स्थान मानव व्यक्तिका रूपमा नभएर निश्चित काममा प्रयोग हुने भौतिक वस्तुका रूपमा रहेको देखिन्छ। ईश्वरचन्द्र ज्ञवालीका अनुसार दमनकारी पुरुषसत्ताबाट नारीप्रति राखिने दृष्टिकोण, सामन्त वर्गबाट निम्न वर्गमाथि गरिने शोषण

र जातीय उत्पीडनका कारण समाजमा एउटा समुदाय मूलधारबाट पूर्ण रूपमा बाहिर रहन्छ (२०६६, पृ.४७)। सबाल्टर्नवादी स्पिभाकले सबाल्टर्न भनेका नारीहरू हुन् भनेकी छन्। पितृसत्तात्मक प्रभुत्वशाली शक्तिकेन्द्रबाट नारीमाथि सहमति र बलप्रयोग दुवै नीतिद्वारा दमन हुने तर्क स्पिभाकको छ। यस्तो अवस्थामा सबाल्टर्न वर्गले आफ्नो मुक्तिका लागि प्रभुत्वशाली वर्गका विरुद्ध प्रतिरोध गर्न आवश्यक हुन्छ। तारालाल श्रेष्ठका अनुसार "सबाल्टर्न वर्गको स्वाधीनताका लागि क्रान्तिकारी चेतना र परिवर्तनकामी क्रान्ति आवश्यक छ" (२०६८, पृ.१९४)। प्रस्तुत लेखमा आशमाया उपन्यासमा पितृसत्तात्मक सामन्ती व्यवस्थाले स्थापित गरेको वर्चस्वका कारण किनारामा पारिएका अधीनस्थ नारी जातिको दमित अवस्था र दमनका कारण प्रभुत्वका विरूद्ध प्रतिप्रभुत्वको खोजी, उत्पीडनका विरुद्ध प्रतिरोध चेतनाको विवेचना गरिएको छ।

## विधि र प्रक्रिया

प्रस्तुत अध्ययनको समस्यासँग सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीय स्रोतबाट गरिएको छ। प्राथमिक स्रोत सामग्रीको रूपमा *आशमाया* उपन्यास रहेको छ भने द्वितीयक सामग्रीको रूपमा सिद्धान्तसम्बद्ध सामग्री रहेका छन्। प्रस्तुत उपन्यासमा प्रयोग भएका उद्धरण तथा भाष्यका आधारमा लैङ्गिक उत्पीडन, प्रभुत्व, प्रतिरोध, मुक्ति र युगान्तकारी चेतना जस्ता पक्षको विवेचना गरिएको छ। उपन्यासमा आएका उद्धरणका आधारमा गरिने विश्लेषण भएकाले प्रस्तुत अध्ययन पाठविश्लेषणकेन्द्री तथा विश्लेषणको ढाँचा गुणात्मक रहेको छ। अध्ययनको पूर्णताको लागि सीमान्तीय अध्ययनलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ। यस अध्ययनमा लैङ्गिक सीमान्तीय पक्षको विश्लेषणका लागि ग्राम्सीको *हिस्ट्री अफ सबाल्टर्न क्लासेस* र तारालाल श्रेष्ठको *शक्ति, सत्ता र सबाल्टर्न*बाट प्रतिमान र विश्लेषणको आधार चयन गरिएको छ। प्रतिरोध चेतनाको विवेचनाको लागि ईश्वरचन्द्र ज्ञवालीको *वर्गसङ्घर्षको सन्दर्भ : संस्कृति र सौन्दर्य*मा प्रस्तुत अवधारणालाई आधार बनाइएको छ। उक्त अवधारणालाई आधार मानी पाठविश्लेषण गरिएको छ। निष्कर्षमा पुग्नका लागि विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

### प्राप्ति

प्रस्तुत लेखको निम्ति सोद्देश्यमूलक छनोट गरिएको *आशमाया* उपन्यासको समाज वर्गयुक्त रहेको छ। प्रगतिवादी उपन्यासमा सबाल्टर्न वर्गमाथि भएको वर्गीय उत्पीडनका साथै लैङ्गिक र जातीय उत्पीडनको अवस्था पनि मार्मिक रूपमा प्रस्तुत गरिएको हुन्छ। यस्ता उपन्यासहरूमा आवाजविहीन सबाल्टर्नहरूको हित गर्ने उद्देश्य राखिएको हुन्छ। यसै पृष्ठभूमिको आशमाया उपन्यासमा पनि यस्ता विषयहरूलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ। आशमाया उपन्यासमा सीमान्तीयताको सम्यक् प्रस्तुति छ। समाजको शक्ति संरचनाका कारण किनारीकरणको अवस्था भोग्न बाध्य गराइएकी आशमायामाथि प्रभुत्वशाली वर्गबाट हुने शोषणको अवस्था, प्रभुत्व र प्रतिप्रभुत्वको द्वन्द्व एवं प्रतिरोधको स्वर प्रस्तुत लेखमा मुखरित भएको छ।

(क) सीमान्तीकृत समुदायको आवाजको पहिचान हुनु प्रस्तुत लेखको महत्त्वपूर्ण प्राप्ति हो। विवेच्य उपन्यासमा उपस्थापित दलित, महिला, गरिब, श्रमिक जनजाति लगायतका विपन्नहरूको आवाजलाई मूलधारमा ल्याउनु यस लेखको विशिष्ट योगदान हो। सहमति र बलप्रयोगका आधारमा प्रभुत्वशाली वर्गबाट गरिएको शोषण, दमन, अन्याय र अत्याचारको विरोध गर्ने साहस सबाल्टर्न वर्गमा देखिनु अध्ययनको सकारात्मक पक्ष हो। वर्चस्वशाली वर्गले

विचारधारा र भौतिक उपकरणको माध्यमबाट प्रभुत्वको निर्माण गर्न प्रयास गरेतापनि सबाल्टर्नवर्गीय विचारधाराका माध्यमबाट प्रतिप्रभुत्व स्थापना गर्ने प्रयास सबाल्टर्नहरूबाट हुनुलाई महत्त्वपूर्ण प्राप्तिको रूपमा हेरिएको छ ।

(ख) विवेच्य उपन्यासमा वर्गीय, लैङ्गिक र जातीय सबाल्टर्नहरूले सत्ताधारी वर्गको शासकीय प्रभुत्वको विरोध गर्नु, शासक वर्गको समाजमाथिको नियन्त्रणलाई कमजोर बनाउनु, शासित वर्गको आवश्यकता र चाहनालाई महत्त्व दिनु, ज्ञान र शक्तिको आधार परिधिमा पनि हुन्छ भन्ने सत्य स्थापित गर्नु, ज्ञान परम्परागत रूपमा स्वीकारिए जस्तो केन्द्रबाट परिधितिर मात्र फैलिएको हुँदैन भन्ने तथ्य प्रमाणित गर्नु, समाजमा अपठित, विपन्न, पहुँचहीन भए पनि सचेत सबाल्टर्नहरू पहिचान र प्रतिनिधित्वका लागि सङ्घर्षशील हुन्छन् भन्ने मान्यता स्थापित गर्नु यस अध्ययनको प्राप्ति हो । पहिचान र प्रतिनिधित्व सामाजिक प्रक्रियाभित्रका सन्दर्भ भएकाले विवेच्य उपन्यासमा आशमाया जस्ती सबाल्टर्नले मूलधारमा प्रतिनिधित्व र पहिचानको खोजी गर्नु यस अध्ययनको अर्को महत्त्वपूर्ण प्राप्ति हो ।

## विश्लेषण

### प्रभुत्व र प्रतिप्रभुत्वको द्वन्द्वात्मक अवस्था

प्रभुत्व शब्दले एक समूहले अर्को समूहमाथि गर्ने नियन्त्रण वा शासनलाई बुझाउँछ । त्यसै गरी प्रतिप्रभुत्वले प्रभुत्वकारी शक्तिको विचार, मूल्य वा अभ्यासविरुद्ध दविएका वा सीमान्त अवस्थामा रहेका समूहले उठाउने चुनौती वा प्रतिरोधलाई बुझाउँछ । *आशमाया* उपन्यासमा प्रभुत्वकारी शक्ति र सीमान्त वर्गको प्रतिनिधि आशमायाबिचको द्वन्द्व एवं सबाल्टर्न आशमायाले प्रतिप्रभुत्व निर्माणका लागि गरेकी सङ्घर्षको स्थिति प्रस्तुत गरिएको छ । उपन्यासमा सबाल्टर्न आशमाया वर्गीय पात्र हो । शासक वर्गको हदैसम्मको हैकम उसले सहनुपेको छ । प्रभुत्वशाली शासक वर्गबाट आशमायाले कठोर यातना, वेदना, पीडा र आघात सहनुपरेको छ । शासक वर्गको विरुद्ध विद्रोह र चेतनाको पुञ्ज बनेर उभिएकी सबाल्टर्न आशमायालाई उपन्यासमा विद्रोही पात्रको रूपमा उभ्याइएको छ । यहाँ प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने गुरुज्यू र उसका सहयोगीहरूबाट आशमाया हेपिएकी छ । अर्काको घरमा भाँडा माझेर जीवन धान्दै आएकी गरिब, असहाय नारी आशमाया त्यो समाजकी सबाल्टर्न हो । जाति, लिङ्ग र वर्गका आधारमा उपन्यासका प्रभुत्वशाली वर्गले गरिब, किसान, मजदुर र नारीहरूमाथि शोषण गर्दै आएकामा आशमाया पनि अरू जस्तै प्रभुत्वशाली वर्गबाट हेपिएकी छ । उपन्यासमा "वर्चस्वशाली गुरुज्यू र उसका सहयोगीहरूले आशमायालाई घरबाट निकाला गर्ने योजना बनाएका छन् र आफ्नो स्वार्थका लागि आशमायाको घरबाट मोटरबाटो लैजाने निधो गरेका छन्" (पृ.२५) । यस्तो अवस्थामा आशमाया असङ्ख्य अभाव र अत्याचारबिच पिल्सिएर बाँचेकी छ । प्रभुत्वशाली वर्गको थिचोमिचो र कुकृत्यको सिकार बनेकी आशमायाले पीडा सहेर धेरै धैर्य पनि गरेकी छ । सानैदेखि प्रभुत्व र शक्तिको हैकम सहेर बसेकी आशमाया बिस्तारै जीवनका गहिरा घाउ र तिनका चहर्याइ सहन नसकेर शासक वर्गको प्रभुत्व एवम् वर्चस्वका विरुद्ध बोल्ने आँट गरेकी छ । उपन्यासमा आशमायाले अभिजात वर्गका अत्याचारका विरुद्ध सबाल्टर्नहरू वाचाल बन्न सक्छन् भन्ने दृष्टान्त प्रस्तुत गरेकी छ । "आशमाया अभिजातकेन्द्री समाजमा सामन्त गुरूज्यूहरुबाट दबाइएकी छ" (पृ.३८) । उसले निर्धा, निमुखा र सामाजिक रूपमा हेपिएका समुदायको प्रतिनिधित्व गरेकी छ । सामाजिक र वैयक्तिक जीवनमा उत्पीडन बेहोरेर बाँचेकी आशमाया समाजकी उत्पीडित, अपहेलित, उपेक्षित, तिरस्कृत, वञ्चित र विदलित वर्गकी प्रतिनिधि हो । ऊ निरङ्कुश सामन्तवादी संस्कारबाट डसिएकी छ । सामन्तका घरमा नोकर्नी बसेर जीवन चलाउँदै आएकी आशमाया आफ्नै छिमेकमा रहेका वर्चस्वशालीहरूबाट हेपिएकी छ । स्पिभाकले भने झैँ उसले अभिशप्त जीवन भोगिरहेका नारीहरूको प्रतिनिधित्व गरेकी छ । उपन्यासकारद्वारा

यहाँ आशमायाजस्ती श्रमजीवी सबाल्टर्नमाथि शासक वर्गद्वारा गरिएका सामन्ती शोषणको निर्मम आलोचना र विरोध गरिएको छ । प्रभुत्वशाली वर्गबाट भएका शोषण, दमन, अन्याय र अत्याचारबाट आजित भएकी आशमायाले वर्गीय मुक्तिको बाटो आफ्नै सामाजिक परिवेशबाट पहिल्याएकी छ । यहाँ आशमायाले गुरुज्यू र ठुलाघरे काजीको प्रभुत्वका विरुद्ध आफ्नो विचार प्रस्तुत गरेकी छ । "अब कानुनका कुरा पनि गर्न जान्ने भइस्, होइन ?... कसले सिकायो तँलाई कानुनका कुरा ? ..." (पृ. १०५) भन्ने प्रभुत्वशालीहरूको हेपाइको विरुद्ध पनि ऊ बोलेकी छ । "गुरुज्यूको "मुखमुखै लागेर नबोल...तेरो थुतुनो च्यातिदिउँला ऐले" (पृ. १०५) भन्ने भनाइको प्रतिरोध आशमायाले "मलाई नभएको फत्तुर लाएपछि म किन बोल्दिनँ..."(पृ.१०५) भनेर गरेकी छ । यहाँ आशमायाले प्रभुत्वकारी विचारलाई अस्वीकार गरेकी छ । ऊ विद्रोही र न्यायको पक्षपाती बनेर प्रस्तुत भएकी छ भने सबाल्टर्नका स्वतन्त्रता र मुक्तिको खोजी उसले यहाँ सशक्त रूपमा गरेकी छ ।

प्रस्तुत उपन्यासमा प्रभुत्वशाली वर्गले सबाल्टर्न आशमायाको गरिबी, इमानदारीता र सरलतालाई कमजोरी मान्दै ऊमाथिको उत्पीडनको प्रक्रियालाई सशक्त बनाएको छ । उसको भद्र, नरम र सहज स्वभावलाई अवमूल्यन गर्ने शासक वर्गले आफ्ना विरुद्ध आशमायाबाट विद्रोह हुने कुराको कल्पना समेत गरेको छैन । उपन्यासमा सबाल्टर्न आशमाया शासक वर्गकै उत्पीडन र क्रूर व्यवहारका कारण विद्रोही बनेकी हो । प्रभुत्वशाली वर्गबाट ऊमाथि गरिएका दमन र उत्पीडनका विरुद्ध एक्लै उभिएर प्रतिरोध गर्ने आँट उसले गरेकी छ । समाजको मूलधारबाट बाहिर राखिएकी, अधिकारबाट वञ्चित गराइएकी इतिहासविहीन आशमायामा शासक वर्गकै कारण क्रान्तिकारी चेतना पैदा भएको छ । उपन्यासकी उत्पीडित पात्र "बाँच्नका लागि सामन्तको घरमा आशमायाले श्रम बेचेकी छ" (पृ. ३७) । सामन्तवादी समाजबाट हेपिएकी सबाल्टर्न आशमायाले भोग्नुपरेका पीडा नेपाली समाजमा आम उत्पीडित नारीहरूले भोग्ने पीडा हो । उपन्यासमा आशमायाले समाजका ठुलाबडाहरू र तथाकथित काजीसाहेबहरूको स्वार्थका लागि घर नै त्याग्न तयार भइदिनुपर्ने अवस्थाको विरोध भने गरेकी छ । उसलाई घरबाट निकाला गर्न तयार गुरुज्यू, कथित बुद्धिजीवीहरू, लेखक, पत्रकार, प्रशासक र हतियारधारी शत्रुका विरुद्ध हतियार बोकेर प्रतिरोधमा उत्रन तयार हुनुपर्ने अवस्था आशमायाका लागि अत्यन्त दुःखद बनेको छ । तैपनि आशमाया उपन्यासमा आफ्नो अस्तित्वको रक्षा एवम् स्वत्वको नयाँ इतिहास रच्ने गरी शासक वर्गका अगाडि खुकुरी लिएर प्रतिरोधमा उत्रेकी छ ।

उपन्यासमा शासक वर्गको निरङ्कुशता, राज्यसत्ताको दमन, अनैतिकता, ज्यादती र एकाधिकारवादी उत्पीडनको अवस्था नै सबाल्टर्न आशमायाको क्रान्तिचेतनाको कारक बनेको छ । प्रभुत्वशाली वर्गले लगाएका आफूमाथिका झुटा आरोपहरूलाई आशमायाले यहाँ स्वीकार गरेकी छैन । "त्यस्तै फत्तूर लगाएपछि रिस उठ्दैन त उसलाई, जति चुपो लाग्यो उति पो थिच्दा रैछन् सबैजना" (पृ.७) भनेर उपन्यासमा समाख्याताबाट आशमायामाथि लगाइएका निराधार आरोपको खण्डन गरिएको छ । यहाँ आशमायाले सामन्तवादी शासक वर्गप्रति घोर घृणा व्यक्त गरेकी छ । यहाँ विद्रोही चेत भएकी सबाल्टर्न आशमायाले प्रतिनिधित्व र पहिचानको लागि अनवरत सङ्घर्ष गरेकी छ । ऊ एक्लै पनि प्रभुत्वशालीहरूसँग जुधेकी छ । कहिले रुँदै कहिले कराउँदै आफ्नो आवाज प्रकट गरिरहने आशमायाले आफ्ना पक्षमा छिमेकीहरूले बोलिदिऊन्, समाजका गुरुज्यू, सम्पादक, लेखक, समाजसेवी, मास्टर सबैका साथ र सहयोग मिलोस् र उनीहरूले सत्यको पक्षमा आवाज उठाइदिऊन् भन्ने अपेक्षा उसले राखेकी छ । तर आशमाया बाँचेको समाज त्यस्तो छैन । समाजमा उसका पक्षमा बोलिदिने कोही देखिएका छैनन् । "कस्ता छन् उसका आफ्ना भन्ने पनि, कसैले एकै बचन उसको लागि बोलिदिएको होइन । उसले यिनीहरूलाई आफ्ना भनेर मरिमेट्नु पनि फजुल रहेछ, कति गरेकी छे यिनीहरूका लागि कुनै कुरा पर्दा उसले । रात–साँझ कुनै कुरा भनिन यो छिमेकीको लागि उसले, ऐले खोई

एउटै बोल्दैनैन् उसलाई पर्दा" (पृ. ७) भनेर उपन्यासमा आशमायाप्रति सहानुभूति पनि प्रकट गरिएको छ। मूलधारबाट पर पुर्याइएकी सबाल्टर्न आशमायाको अस्मितालाई नङ्ग्याउने कुरूप यथार्थको विरोध गरेर उपन्यासमा कथित शासक वर्गले चाहेको आतङ्कको विरोध गरिएको छ । उत्पीडनकारी सामाजिक संरचनाभित्र हेपिएकी एक्ली आशमायाले समाजमा आफू जस्तै उत्पीडित सबाल्टर्नहरूका पक्षमा बोलेकी त छ तर उसलाई अप्ठ्यारो परेको अवस्थामा बोलिदिने समाजमा कोही देखिएका छैनन्। समाजमा अधीनकारी शासकहरूको थिचोमिचो सहन बाध्य बनाइएकी आशमाया सामाजिक आर्थिक र सांस्कृतिक रूपमा प्रभुत्वशाली वर्गबाट भएका अत्याचारको विरोधमा उत्रने योद्धा हो। उसलाई 'मोहनी लगाउने कुटुनी बूढी'को संज्ञा दिएर छिमेकीहरूले झुटा आरोप लगाएकोमा यस्तो सामाजिक हिंसाप्रति आशमायाले आक्रोश पोखेकी छ । समाजका कथित हुनेखानेहरू कसैले न्यायको पक्षमा नबोलेका देख्दा उसलाई ज्यादै अपमानबोध भएको छ। सामन्ती सत्ताको क्रूर निशानामा परेकी आशमाया श्रममा विश्वास गर्ने मान्छे हो। यहाँ कठोर र निर्दयी शासकहरूले सबाल्टर्न आशमायामाथि मध्ययुगीन दासता लादेका छन्। ऊमाथि शासक वर्गको अत्याचारले सीमा नाघेको छ। वर्षौंदेखि आवाजविहीन बनाइएकी आशमायाले उपन्यासमा शक्तिमा आसीनहरूका दमनकारी संरचना विरुद्ध जबर्जस्ती बोल्ने आँट गरेकी छ। शासक वर्गको कुरूप व्यवहारको भन्डाफोर गर्दै आशमायाले प्रतिरोधको स्वर उपन्यासमा यसरी उच्च बनाएकी छ : "जुँघा हेरेर कुरा नगर तिमीहरू पनि, आशमाया ! के कुरा हो भनेर एकैपल्ट पनि तिमीहरू कसैले सोधेका छौ मलाई ?" (पृ. ८)। आशमाया यहाँ आफ्नै छिमेकीहरूसँग प्रतिरोधको भाषा बोल्न बाध्य भएकी छ । "तिमीहरू मेरा कुरै सुन्न नचाहने...मलाई देख्दा मन्टो बटार्ने...त्यही ठुला घरको लैलैमा त लागेको हौला नि !" (पृ. ८) भन्दै शासककै भाषा बोल्ने सवर्गीहरूलाई व्यङ्ग्य गरेकी छ। प्रभुत्वशाली वर्गको हैकम विरुद्ध प्रतिरोधको स्वर उच्च बनाएकी आशमायाको अभिव्यक्तिमा विचार–चेतनाको ज्युँदो प्रवाह छ । आफू निर्दोष र निरापराध हुँदाहुँदै पनि अनेकौँ थरिका लाञ्छाना लगाएर आफूलाई किनारीकरण गर्ने उत्पीडकहरूका विरुद्ध "के तिमीहरूलाई पनि पत्यार लाग्छ मैले नै त्यो घरकी छोरी भगाकी हूँ ?" (पृ. ८) भनेर आशमायाले आफ्ना विरोधीहरूसँग प्रतिप्रश्न गरेर प्रतिरोधको आवाज बुलन्द गरेकी छ। आफू निर्दोष र निरापराध हुँदाहुँदै पनि दोषी करार गरिएकोमा आशमायाले त्यसलाई इन्कार गर्दै डटेर सामना गरेकी छ।

प्रस्तुत उपन्यास नारी सबाल्टर्नका पीडा, उनीहरूमाथि हुने उत्पीडन, उपेक्षा र अपमान, सामाजिक, सांस्कृतिक समस्या र आशमायाले भोगेका कष्टकर जीवनको प्रतिबिम्बनको रूपमा आएको छ । यहाँ उत्पीडक वर्गले सबाल्टर्न आशमायाको निष्ठा आदर्श र इमानदारीमाथि धावा बोलेको छ । उपन्यासमा श्रमजीवी सबाल्टर्न आशमायालाई छिमेककी तरुनी छोरी भगाएको आरोप लगाएर घर छोडाउने प्रपञ्च शासक काजी र गुरुज्यूले गरेको छ। तैपनि आशमाया यस्तै सङ्घर्ष, द्वन्द्व र प्रतिरोधका बिचबाट उठ्न प्रयत्न गरिरहेकी छ।" शक्तिकेन्द्रको हैकमबाट सबैभन्दा ताडित बन्ने त निमुखा सबाल्टर्न वर्ग नै हुन्" (श्रेष्ठ,२०६८, पृ.२७) भन्ने यथार्थलाई सबाल्टर्न आशमायाको कमजोर अवस्थाले स्पष्ट गरेको छ। यहाँ आशमाया शक्तिकेन्द्रको हैकमबाट ताडित छे। "त्यो ठुलो घरका मान्छेसँग किन यसरी थ–र–री भएको होलान् यिनीहरू ?" (पृ. ८) भनेर उसले शासकसँग डराएर चूप लागेका आफ्ना छिमेकीहरूलाई व्यङ्ग्य पनि गरेकी छ। यहाँ शासक ठुलाघरेका विरुद्धका अभिव्यक्तिलाई सशक्त पार्दै उसले भनेकी छ : "चुप लाग्यो भने त झन् हेप्ना रहेछन्" (पृ.११)। उसको यस भनाइमा प्रतिरोधको चेत उच्च छ। यहाँ सामन्तका कदमलाई उसले तीव्र घृणा गरेकी छ। अभाव र गरिबीको मारमा परेकी आशमायालाई सामन्तहरूले पँधेरामा पानी भर्न पनि नदिने निर्णय गरेर सीमान्तीकरण गरेकोमा उसमा प्रतिरोधको ज्वाला दन्किएको छ। दमनकारीहरूको अमानवीय व्यवहार र हेपाइलाई साहसका साथ प्रतिरोध गर्ने आशमाया स्वार्थी र स्वाधीनता विरोधीहरूसँग जुधेकी छ। आफूमाथि अत्याचार

गर्ने शासक ठुलाघरेका निरङ्कुशता तोड्ने साहस गर्दै उसले भनेकी छ : "के अरे ? यो धारोमा मलाई आउन नदिने तपाईँहँरू ? यो बाटो हिँड्न पनि नदिने अरे ? यो सबैको लागि सरकारले बाटोमा राखिदिएको धारो हो। ठुलो बाबु, सानो बाबु ! मैले भनिदिएकी छु यहाँबाट चुपो लागेर तपाईँहँरू जानोस्" (पृ. १२)। उपन्यासमा ठुला घरका ठुलो बाबु, सानो बाबुजस्ता शासकहरू शोषणका प्रतीक बनेर आशमायाका अगाडि उभिएका छन्। विपन्न, शोषित र उत्पीडित वर्गलाई पानी पनि पिउन नदिने दमनकारी शासकका अमानवीय कदमका विरुद्ध आशमायाले यहाँ प्रतिरोधको भाषा बोलेकी छ। सत्ता र शक्तिको उन्मादले ग्रसित प्रभुत्वशाली ठुलाघरेबाट आफूमाथि भएको अपमान र अश्लील व्यवहारका विरुद्ध ऊ आक्रामक छे। "सबाल्टर्न आफैँ बोल्न सक्दैन र अन्यले उनीहरूका लागि बोलिदिनु पर्छ" भन्ने स्पिभाकको भनाइ जस्तै यहाँ सबाल्टर्न आशमायाका पक्षमा बोलिदिने कोही छैनन्। आशमाया आफ्नो लागि आफैँ बोलेकी छ। प्रभुत्वशाली वर्गको अन्याय र अत्याचारको कारण सबाल्टर्न बन्न पुगेकी आशमायाले यहाँ गुरुज्यूको व्यवहारलाई यसरी निन्दा गरेकी छ : "असती बूढो बार्दलीमा उभिएर कस्ता छाडा कुरा गर्छ, उसका छोरा समेतले सुन्न नसकेर हिँडे। लामो चन्दन लगाएको छ त्यस बूढोले–भन्नलाई एक दुई घण्टा लगाएर पुजा गर्दछ, दानाको माला पनि लगाएको छ घाँटीमा तर कुखुरा नभई हुँदैन" (पृ. १३)। यहाँ भोगविलास र चयनको जिन्दगी बाँचेको दमनकारी शासक ठुलाघरेको चरित्रलाई आशमायाले उदाङ्गो बनाएकी छ। उपन्यासमा मान्छेका अगाडि छाडा कुरा गर्ने, बाहिर धार्मिक जस्तो देखिए पनि भित्र मानव अपराध गर्ने गुरुज्यूको कुरूप चरित्रको घृणा आशमायाले गरेकी छ।

प्रस्तुत उपन्यासमा दुई वर्गबिचको आर्थिक असमानतालाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ। यहाँ धनी गरिबबिचको ठुलो भिन्नता, जमिन्दार पुँजीपतिहरू, कुलीन र सम्भ्रान्त वर्गको वर्ग चरित्र र आशमायाले शासक वर्ग विरुद्ध गरेका प्रतिरोधलाई प्रस्तुत गरिएको छ। "कस्तो त...यो बाटो पनि नहिँड अरे उसलाई" (पृ. १३) भन्ने कुराले आशमायालाई बाटो हिँड्नबाट, धाराको पानी पिउनबाट प्रतिबन्ध लगाएर सकेसम्म छिटो घर निकाला गर्ने योजनामा उपन्यासका शासकहरू लागेका छन्। उपन्यासमा नयाँ युगको प्रभात बनेर उदाएकी आशमाया शासकहरूका कुत्सित स्वार्थका विरुद्ध बोलेकी छ। उत्पीडक वर्गको दमन र त्रासदीबाट ऊ डराएकी छैन। एकतन्त्रीय शासन चलेको समाज व्यवस्थामा मात्र होइन राजनीतिक व्यवस्थामा परिवर्तन आइसकेको अवस्थामा पनि आशमाया जस्ता महिलाले कतै कुनै पक्षमा उन्मुक्तिको सास फेर्न नपाएको वास्तविक अवस्थाको चित्रण उपन्यासमा भएको छ। सामन्त गुरुज्यूबाट आशमायामाथि गरिएका अन्यायका विरुद्ध ऊ मौन बसेकी छैन। "त्यसै पिट्न पाइन्छ र अर्काकी स्वास्नीलाई ? उसका पनि त मान्छे छन्, उसले पनि मान्छे चिनेकी छ नि !" (पृ. १३) भनेर उपन्यासमा निर्दोष आशमायाप्रति स्नेह राखिएको छ। सामन्तको प्रतिशोधपूर्ण व्यवहारका विरुद्ध आशमाया कठोर कदम चाल्न पनि तयार हुन्छे भन्ने कुरालाई उक्त साक्ष्यले सङ्केत गरेको छ। आफ्नो वर्ग हितमा आफैँ बोल्न नसक्दासम्म गरिबहरू सामन्त/पुँजीपतिहरूका दास बनिरहनुपर्ने यथार्थको विरोध उपन्यासमा आशमायामामार्फत गरिएको छ। "उही निमुखा र निर्धोलाई दबाउने न हो, ऊभन्दा बलियो पनि त होला कि कोही ?" (पृ.३१) भनेर उपन्यासमा शक्तिकेन्द्रको विरुद्ध चुनौती दिइएको छ। सामन्तका विरुद्ध प्रतिरोध गर्ने क्रान्तिकारी शक्तिको अपेक्षा आशमायामा गरिएको छ। "यसले सधैँ यसरी नै सबैलाई दबाएरै राख्न सक्ला ? त्यसो भए उसको यो घरबारीबाट पनि उसलाई भगाउन सक्छ त ? यो त उसको आफ्नो घरबारी हो नि ! उसको आफ्नो...उसको बाआमाको पालादेखि बनेको" (पृ.३३) भनेर उत्पीडित वर्गको पक्षमा अभिमत प्रकट गरिएको छ। गरिबी र दरिद्रताको दुर्दशा भोग्न बाध्य पारिएकी प्रस्तुत उपन्यासको सबाल्टर्न आशमायाले अभिजात वर्ग र त्यसका सहचारीका विरुद्ध प्रतिरोधमा उत्रने साहस गरेर सबाल्टर्न वर्गको वर्गीय चेतलाई सशक्त बनाएकी छ।

उपन्यासमा अधिकारविहीन पात्र आशमायाको पक्षमा समाख्याताले वर्गीय विचार प्रस्तुत गरेका छन् । प्रस्तुत उपन्यासमा व्यक्तिमुखि चेतना होइन समष्टिमुखी सीमान्तीय चेतना प्रकट भएको छ । यहाँ पद र प्रतिष्ठाको घमन्ड गर्ने सामन्त वर्गसँग निडर भई प्रतिवादमा उत्रने आशमायामा प्रतिरोधी चेतना सबल बनेको छ । उपन्यासमा सबाल्टर्न आशमायाले वर्गीय मुक्ति र स्वतन्त्रताको निम्ति विद्रोहको अभिव्यक्ति दिएकी छ । "के भएको होला यस्तो बलियोले निर्धालाई जे पनि गर्न पाइने ? कस्ता दिन आए" (पृ. ३३) भनेर शासक वर्गले गरेका दमनपूर्ण व्यवहारको निन्दा पनि उसले गरेकी छ । महत्वाकाङ्क्षी शासक वर्गको पद र प्रतिष्ठामाथि चुनौती दिँदै आशमायाले भनेकी छ : "तिमीहरूले त केही खाका छैनौ ठुलो घरको सित किन डरका तिमेरू यसरी हँ ?" (पृ. ३२) । शासक ठुलाघरेको केही नखाएपछि किन डराउने भनेर उसले सामन्तका विरुद्ध हाँक दिएकी छ । समाजलाई आफ्नो अधीनमा राख्ने कथित कुलीन वर्गकी प्रतिनिधि काजी र गुरुज्यूजस्ता सामन्तहरूसँग आँखा जुधाएर बोल्ने आँट आशमायाले गरेकी छ । शासकको प्रभुत्वबाट ऊ अविचलित छ । शक्तिको हैकमका विरुद्ध प्रतिरोधमा उत्रने साहस गरेर आशमायाले सबाल्टर्न वर्ग चेतनाको प्रस्ट परिचय दिएकी छ । उपन्यासमा आशमायाको घरजग्गा हडप्ने योजना बनाएका काजी र गुरुज्यूजस्ता सामन्तहरूका विरुद्ध ऊ क्रान्तिकारी बनेर उभिएकी छ । यहाँ पराधीन र पराजित मानसिकतालाई आशमायाले त्यागेकी छ । "त्यो ठुलो घरका पनि सिपाही लगाएर मलाई याँबाट भगाउने भा'कै छन्" (पृ.३३) भन्ने आशय बुझेकी आशमाया निरङ्कुश शक्तिको अगाडि नझुक्ने निधो गरेकी छ । यसकै कारण उसले आफ्नो पैतृक सम्पत्तिको नाममा रहेको एउटा घर जोगाउन प्राण रहेसम्म सङ्घर्ष गर्ने आँट गरेकी छ । "त्यो गुरुज्यू बूढो त खेद्रे भएको छ र उसलाई यहाँबाट" (पृ. ३४) भनेर वर्चस्वशाली शासक गुरुज्यूले उसको थातथलो छिट्टै हडप्दैछ भन्ने कुरा बुझेकी आशमाया हतियार लिएर प्रतिरोधमा उत्रने अवस्थामा पुगेकी छ । "बलियोले जे गरे पनि हुने रैछ नि" (पृ.३३) भन्दै उसले समाजमा सबैका अगाडि आक्रोशित छ । "तर त्यो बूढोलाई मार्ने पनि त कोही निस्केला नि ! जसरी अरूलाई रुवाइआएको छ" (पृ. ३४) भनेर आशमायाले शासकको अन्त्य अवश्यम्भावी रहेको कुरा गरेकी छ ।

यसरी प्रस्तुत उपन्यासमा आशमायाका अभिव्यक्तिमा प्रतिशोधको ज्वाला दन्किएको छ । विद्रोहको कठोरतम क्षणलाई पनि आफूले ग्रहण गर्ने निश्चय गरेर आशमायाले यहाँ प्रतिरोधको आवाज सशक्त बनाएकी हो । उपन्यासमा सबाल्टर्न आशमाया स्वाभिमानी संस्कृतिबाट हुर्किएकी छ । सबाल्टर्न वर्गलाई कमजोर र निराश पार्ने अभिजात संस्कृति विरोधी चेत उसमा सानै उमेरदेखि पैदा भएको हो । सबाल्टर्न वर्गमाथि भ्रम र अन्यौल सिर्जना गर्ने दमनकारी शक्तिसँग जुध्ने आँट भएकी क्रान्तिकारी आशमाया आफ्नो पैतृक सम्पत्तिको रक्षाका लागि जस्तोसुकै कठोर निर्णय लिन पनि तयार देखिएकी छ । आर्थिक अभाव र पारिवारिक बाध्यताका बिच आफ्ना सामान्य इच्छा र आकाङ्क्षा पूरा गर्न कठिन भइरहेको अवस्थामा शासक वर्गबाट आशमाया प्रताडित बनेकी छ । शासक वर्गको निन्दनीय प्रवृत्ति र दुराचरण नजिकबाट हेरेकी आशमायाले स्वाधनीताको निम्ति सङ्घर्ष गर्ने अठोट गरेकी छ । यस्तो आँट उसमा विकसित प्रतिरोधी चेतनाका कारण सम्भव भएको हो । आशमायाले यहाँ मानवतावादको उपेक्षा गर्ने दुराचारीको निन्दा मात्र गरेकी छैन त्यस्ता अराजक र अमानवीय व्यक्तिहरूका विरुद्ध भौतिक आक्रमणका लागि समेत तयार भएकी छ । उपन्यासको सीमान्त आशमायाको वर्गीय चेतनाको संसार सामाजिक परिस्थितिले निर्माण गरेको हो । "स्वास्नीमान्छेले के गर्न सक्छे ? बरु भाग्छे नै" (पृ.१५७) भन्ने पुरुषवादी मानसिकताकता विपरीत ऊ प्रतिरोधमा उत्रेकी छ । सबाल्टर्न आशमाया सङ्कीर्ण र स्वार्थी संस्कृतिका पक्षपोषक गुरुज्यू र ठुलाघरे काजीका इच्छा पूरा हुन नदिन मृत्यु वा मुक्तिको कसम खान तयार भएकी छ । समाजका नियम कानुन केवल आफ्नै स्वार्थका लागि मात्र प्रयोग गर्ने शासकहरूका विरुद्ध एक्लै प्रतिकारमा उत्रन प्रयास गर्ने आशमायालाई उसमा विकास भएको अग्रगामी चेतनाले

काम गरेको छ । शासकहरूका घिनलाग्दा व्यवहार, नीतिहीन चरित्र र मूढाग्रही सोचका विरुद्ध क्षति र उपलब्धिलाई बेवास्ता गर्दै आशमायामा वैकल्पिक चेतनाको विकास भएको छ ।

## प्रतिरोध चेतना

*आशमाया* उपन्यासमा सबाल्टर्न आशमायामा विकास भएको प्रतिरोध चेतना सशक्त रूपमा प्रस्तुत गरिएको छ । वर्गीय पात्र आशमायामाथि गरिएको प्रभुत्वशाली वर्गको विरोध उपन्यासमा गरिएको छ । मूलधारबाट किनारीकृत हुनुको मुख्य कारण नै वर्गीयता हो । आर्थिक कारणले आशमाया जस्ता गरिब नारीहरू कसरी सबाल्टर्न बन्न पुग्छन् र उनीहरूको पहिचान समाजबाट कसरी नष्ट गरिन्छ भन्ने विषयमाथि प्रस्तुत उपन्यासमा गहन दृष्टि प्रस्तुत भएको छ । आलोच्य उपन्यासको समाज वर्गमा विभाजित छ । वर्गविभाजित समाज शोषणमा आधारित हुन्छ भन्ने कुरा उपन्यासमा सबाल्टर्न आशमायामाथि गाउँका सामन्तहरूबाट भएको शोषण, दमन र उत्पीडनका घटनाले स्पष्ट गरेको छ । उपन्यासमा गाउँका सामन्तहरूले गरिब आशमायाको घर भत्काएर उसको घरबाट मोटरबाटो लैजाने निर्णय गर्नुले सीमान्त आशमाया विक्षिप्त छे । समाजमा सबाल्टर्न आशमायाको कुनै स्थानमा छैन । प्रतिनिधित्व र पहिचानको स्थिति समाजमा प्रभुत्वशाली ठुलाघरे काजीहरूको कारण हराएको छ । समाजमा उसलाई वर्गीय रूपमा पहिचानहीन नारीका रूपमा सामन्त काजीहरूले उभ्याउँदा पनि समाज सचेत भनाउँदा पत्रकार सम्पादकहरूले आशमायाप्रति सहानुभूतिसम्म राखेका छैनन् । यसरी समाजमा वर्गीय पात्रहरू प्रभुत्वशालीहरूका स्वार्थका कारण मूलधारबाट बाहिर राखिएका हुन्छन् भन्ने यथार्थ उपन्यासमा प्रस्तुत भएको छ । आशमायाको वर्गीय प्रतिनिधित्वको सन्दर्भलाई यहाँ यसरी प्रस्तुत गरिएको छ : "बासितै गएकी त्यो ठुलो दर्बार भित्र । उ त दर्बारभित्रै बस्थी–रानीसापको सेवा–टहलमात्र गर्नुपर्थ्यो उसले त्यहाँ । धेरै माया गर्थे रानीसापले उसलाई, राम्रा–राम्रा लुगा पनि दिन्थे उसलाई रानीसापले" (पृ. २) । रानीसापले दिएको कपडा लगाउनुपर्ने र रानीसापकै चाकडीमा रहनुपर्ने अवस्थाले आशमाया वर्गीय सबाल्टर्न भएको पुष्टि हुन्छ । अर्काको घरमा जुठा भाँडा माझेर कठोरतापूर्वक जीवन निर्वाह गर्दै आएकी आशमायाको परिचय उपन्यासमा "ऊ भाँडा माझ्ने नोकर्नी हो" (पृ. १) भनेर दिइएबाट पनि उसको वर्गीय पहिचान स्पष्ट भएको छ । सुरुमा सामन्तको अगाडि निष्क्रिय जस्ती देखिएकी आशमाया "तिमेरुले त केही खाएका छैनौ त त्यो ठुला घरको, किन डराका तिमेरु यसरी हँ ?" (पृ. ३२) भनेर प्रतिरोध गर्नसक्ने अवस्थामा पुगेकी छ । सबाल्टर्न आशमायाको प्रतिरोधी चेतले वर्गीय पहिचान र प्रतिनिधित्वका लागि सक्रिय भूमिकाको खोजी गरेको छ । सामन्तका अत्याचारले सीमा नाघेपछि अधिकारको लागि चट्टान झैँ दृढ बनेर उभिएकी क्रान्तिकारी पात्र आशमाया समाजमा मूलधारमा प्रतिनिधित्व र पहिचानको लागि उभिएकी छ । सबाल्टर्न वर्गको मनोबललाई कमजोर तुल्याएर गरिबहरूको आत्मसम्मानमा धक्का पुर्याउने शासकहरूसँग आशमायाले आफ्नो पहिचानमाथि धावा नबोल्न सचेत गराएकी छ । प्रतिनिधित्व र पहिचानका लागि अभिजात वर्गसँग सङ्घर्ष गर्दै आएकी आशमाया जीवनको पछिल्लो चरण शासक वर्गको विरुद्ध जागै बस्न तयार भएकी छ । विद्रोहले मात्र आफ्नो पहिचान स्थापित गर्न सक्छ भन्ने मर्मबोध गरेर उपन्यासको वर्गीय पात्र आशमायाले शासक वर्गको अगाडि पटक्कै नझुकी वर्गीय मुक्तिको चाहना प्रकट गरेकी छ । आशमायामाथिको अन्यायले प्रभुत्वशाली वर्गबाट समाजमा निम्न वर्गमाथि अन्याय, अत्याचार, शोषण र दमनमात्र हुँदैन त्यसका विरुद्ध सीमान्तहरू पहिचानका लागि प्रतिरोध गर्न पनि सक्रिय हुन्छन् भन्ने यथार्थलाई पुष्टि गरेको छ ।

प्रस्तुत उपन्यासमा लैङ्गिक विभेदीकरणबाट उत्पन्न सामाजिक एवम् मनोवैज्ञानिक समस्याहरूको खोजी पनि गरिएको छ । उत्पीडक पुरुषका मनोचेतनामा गडेर बसेका लैङ्गिक विभेदको जटिल अवस्थाबाट आहत बन्न पुगेकी सबाल्टर्न आशमायाको पीडादायी यथार्थ प्रस्तुत उपन्यासमा वर्णित छ । परिवार, समाज र राज्यले वर्षौँ अघिदेखि बनाएको ऐन कानुन, शिक्षा प्रणाली र धर्मशास्त्रले तय गरेको नारी र पुरुषबिचका लैङ्गिक विभेदीकरणको मुद्दा

संस्थागत हुँदै आएकाले उपन्यासमा आशमाया जस्ता नारीहरू उत्पीडनको सिकार बनेका हुन् । उपन्यासको मुख्य नारी पात्र आशमाया उत्पीडक सामन्तवादी पुरुषसत्ताबाट आक्रान्त बनेकी छ । उसले पूर्वाग्रही र अभिमानी सामन्ती शासकहरूबाट अकल्पनीय पीडा सहेकी मात्र छैन ठुलाघरे काजी जस्ता समाजका उत्पीडक शासकहरूबाट खोसिन लागेको आफ्नो पैतृक सम्पत्तिको रूपमा रहेको घरघडेरी जोगाउन पनि उसले ठुलो सङ्घर्ष गरेकी छ । उपन्यासमा गरिब आशमाया गाउँका मुट्ठीभर सामन्तको दमन र शोषणमा परेकी छ । सामन्ती सत्ताले आहत बनेकी सबाल्टर्न आशमायाले उपन्यासमा आफ्ना दुःखद अनुभूतिहरू मार्मिक रूपमा राखेकी छ । यहाँ सबाल्टर्न आशमायाले समाजमा सामन्त शासक पुरुषका उत्पीडन सहनुसम्म सहेकी छ । पुरुषहरूका अत्याचारले आक्रान्त बनेकी आशमायाद्वारा पुरुषप्रधान सामाजिक संरचनाले निर्धारण गरेको कथित नारी आदर्शको मानक भत्काउँदै विद्रोहको राँको बाल्ने प्रण गरेकी छ । "हेर भागेका मोरीहरू उसलाई धारातिर आएको देखेर । ती मोरीहरूलाई उसको छेउमा बस्न पनि अब यत्रो डर !" (पृ. १०) भनेर आशमायाले आफ्ना छिमेकीहरूलाई काजी, गुरुज्यूसँग नडराउन आग्रह गरेकी छ । यसले उपन्यासमा ऊ निष्क्रिय सबाल्टर्न होइन भन्ने स्पष्ट गरेको छ । खोई ऐलेसम्म कसैले "तैँले मेरी छोरी बुहारी बिगारिस्" भनेका थिएनन् उसलाई, ऐले त्यही ठुला घरकाले लगाएका आगो न हो" (पृ. १०) भनेर आशमायामाथि अन्याय गर्ने पुरुष पात्रको आलोचना उपन्यासमा अन्य नारी सबाल्टर्नहरूले पनि गरेका छन् । शक्ति र सत्ताको आडमा गरिबहरूमाथि अन्याय गर्ने ठुलाघरे काजी, गुरुज्यू, कथित पत्रकार र सम्पादक लगायत अभिजात पुरुषहरूका अकर्मण्यता, प्रभुत्व, दबाब र शक्तिको चरम दुरुपयोगबाट आक्रान्त बनेकी आशमायाले दृढतापूर्वक प्रतिरोध गरेर सक्रिय नारी सबाल्टर्नको परिचय दिएकी छ । उपन्यासको सबाल्टर्न आशमायामाथि जे–जस्ता दोष लगाएर उसलाई प्रभुत्वशाली वर्गले पीडा दिएको छ त्यस्ता शासक वर्गसँग डराएर आशमायाका छिमेकीहरू आवाजविहीन छन् । सङ्घर्षै सङ्घर्षले खारिएकी सबाल्टर्न आशमाया भने स्वाधीनताको पक्षमा उभिएर सामन्त ठुलाघरे काजी, गुरूज्यू जस्ता सामन्ती पुरुषहरूबाट भएका अत्याचारका विरुद्धमा बोल्न छाडेकी छैन । उसले आफ्नो पहिचान र प्रतिनिधित्वका लागि अभिजात पुरुषसत्तासँग निरन्तर सङ्घर्ष गर्दै आइरहेकीमा उसलाई उपन्यासमा दृढ र आत्मविश्वासी नारी सबाल्टर्नको रूपमा लिइएको छ । आलोच्य उपन्यासमा पुरुषलाई सर्वज्ञ, सर्वोपरि र सर्वेसर्वा ठान्ने तत्कालीन नेपाली समाजको प्रभुत्वशाली पितृसत्ताका अगाडि निर्भीकतापूर्वक सङ्घर्ष गरेर मूलधारमा प्रतिनिधित्व र पहिचानको खोजी आशमायाले गरेकी छ ।

उपन्यासकी सबाल्टर्न आशमाया अपठित पात्र हो । उपन्यासमा हरिमाया, चिनदिदी र नानीचाहरू पनि अपठित पात्रहरू नै हुन् । यी अपठित पात्रहरू वर्गीय दृष्टिले शासनसत्ताको मूलधारबाट बहिष्करणमा पारिएका छन् । यी मध्ये आशमाया उपन्यासको मुख्य नारी सबाल्टर्न हो । सबाल्टर्न आशमाया गायत्री चक्रवर्ती स्पिभाकले भने जस्तै सीमान्तीकृत अवस्थामा रहेकी छ । गरिब बाबुकी छोरी आशमाया आफ्नो बाबुसँगै काठमाडौँ गएर ठुलो सामन्तको दरबारभित्र नोकर्नी बसेकी छ । उसको यो अवस्थाले ऊ अपठित छ भन्ने तथ्यलाई स्पष्ट गर्दछ । "दरबारभित्र आशमायाले मिठा–मिठा चीज पनि खान पाँउथी ऊ त्यहाँ, उसको बाबु पनि दर्बारभित्रै खान्थ्यो" (पृ.२) भन्ने भनाइमा गरिबीको कारण बाबुसँगै नोकर्नी बन्न बाध्य भएकी आशमायाले स्कुल देख्न पाएकी छैन । "उसको बालाई राती–राती ज्वरो आइरहने गर्थ्यो, धेरै दिन भएको थियो यसरी ज्वरो आउने गरेको । मर्ने दिन एक कोपरा रगत छादेको थियो उसले, रगतका फाल्सा पो छादेको हो त" (पृ.२) भनेर अपठित सबाल्टर्न आशमायाको वर्गीय अवस्थाको चित्रण उपन्यासमा गरिएको छ । उपन्यासमा उत्पीडक पात्रहरू चाहिँ पठित छन् । सम्पादक र पत्रकारका साथै गुरुज्यू तत्कालीन समाजको पठित पात्रहरू हुन् तर उनीहरूको व्यवहार सबाल्टर्नमैत्री छैन । यिनै पठित कृत्रिम बुद्धिजीवीका

नजिक रहेकी आशमायाले गरिबीका कारण पढ्न नपाएकी हो । ठुला घरहरूका सेपमा बनेको उसको सानो पुर्ख्यौली घरमा बस्दै आएकी सबाल्टर्न आशमायाको त्यो घर नै उसको सिङ्गो सम्पत्ति हो (पृ.१०) भन्ने भनाइले आशमायाको चरम गरिबीलाई सङ्केत गरेको छ । उपन्यासमा पढ्नेलेख्ने अवसरबाट वञ्चित भएकी आशमायालाई काजी, गुरुजू लगायतका कथित कुलीनहरूले हेपेका छन् । यहाँ आशमायाको श्रमको इतिहास कुल्चने, पहिचान मेट्ने र अस्मिता लुट्ने शासक वर्गले उपन्यासमा उसको भविष्य निर्माणको आधार र अधिकारको स्रोत खोसेको छ । यसरी समाजमा अपठित, अशिक्षित सीमान्तका जीवनलाई थकाएर दुःखलाई आफ्नो र सुखलाई अरूको बनाउने शासक वर्गको चरित्रको विरोध उपन्यासमा गरिएको छ । गरिबी र अशिक्षाको कारण समाजमा बहिष्करणमा पारिएकी आशमायालाई 'त्यो ठुलो घरको बज्यैलाई उसले माजेको भाँडा सारै मनपर्छ' (पृ. ५) भनेर हेपिएको छ । उपन्यासमा अपठित सबाल्टर्न आशमायाको जीवन निकै कष्टकर, दुरूह र जटिल छ । यसो त सबै गरिबहरूको जीवन यस्तै दुरूह र जटिल नै हुने गर्दछ । पीडा, व्यथा र सङ्घर्षले खारिएकी सबाल्टर्न आशमाया अपठित भएपनि उसमा वर्गबोधी चेतनाको विकास भएको छ । जसको फलस्वरूप स्पिभाकले भने झैँ मूलधारबाट पर फ्याँकिएकी आशमायाको आक्रोश शासकहरूका विरुद्ध बढेको छ । सबाल्टर्न आशमायामा विकास हुँदै गएको क्रान्तिकारी चेतनाको सम्मान गर्दै प्रस्तुत उपन्यासका कथित पठितहरूप्रति घृणा व्यक्त गरिएको छ ।

उपन्यासको मुख्य पात्र आशमाया विकृत र अदूरदर्शी शासनको मार खेप्न बाध्य भएकी छ । उपन्यासका पितृसत्तात्मक सोचद्वारा प्रेरित पुरुषहरू आशमायाप्रति अनुदार छन् । सबाल्टर्न आशमायालाई घरबास उठाउन त्यहाँबाट लखेट्ने योजना बनाएका शासकहरूले उसलाई मानसिक यातना दिएका छन् । यहाँ सम्भ्रान्त पुरुषसत्ताले आशमायालाई केवल आफ्नो अधिकारको वस्तु ठानेको छ । तत्कालीन समयमा पितृसत्ताले पुरुषलाई महिलाको समग्र जीवनमाथि आधिपत्य जमाउने अधिकार प्रदान गरेको हुनाले सबाल्टर्न आशमाया सामन्तवादी समाजको पुरुषसत्ताबाट नियन्त्रित छे । उपन्यासमा पितृसत्ताले प्रत्यक्ष परोक्ष रूपमा आशमायालाई आफ्नो नियन्त्रणमा राखेको छ । यहाँ राणाका दरबारमा कैद गरिएकी आशमाया शक्तिको हैकमबाट नियन्त्रित छे । स्पिभाकले भने झैँ स्वस्फूर्त रूपमा आफ्नो हितमा बोल्न नसक्ने, चल्न नसक्ने अवस्थामा रहेकी आशमायामा अनेकौँ सोच विचार र चिन्तनका रेखाहरू मस्तिष्कमा कोरिएका छन् । नेपाली समाजमा आएको राजनीतिक परिवर्तनको प्रकाश आशमायाको जीवनमाथि कतै परेको छैन । अरूको जीवनमा आएको परिवर्तन भने उसले देखेकी छ । तर उसले आफूले अनुभूत गर्न पाएकी छैन । नारीहरूमा आएको स्वतन्त्रता नजिकबाट देखेकी आशमाया प्रभुत्वशाली नरवादको प्रभावमा परेकी छ । बदलिँदो राजनीतिक परिवेशसँगै काठमाडौँका सडक गल्लीहरूमा हिँड्ने सम्पन्न स्वास्नीमान्छेहरूलाई देखेकी आशमाया उनीहरूको स्वतन्त्रता देखेर दङ्ग छ । ''ऐले त स्वास्नीमान्छेले पनि मनपरीसँग हिँड्न पाएका छन्, कस्ता–कस्ता लुगा लगाएर हिँड्न लागे अचेलका स्वास्नीमान्छे त'' (पृ. ५) भनेर सहरका स्वास्नीमान्छेहरूमा आएको परिवर्तनसँग उसले आफूलाई दाँजेकी छ । उसलाई समाज परिवर्तनका हरेक कुरा नयाँ लागेका छन् । गरिब बाबुकी जिज्ञासु छोरी आशमाया दमनकारी पुरुषसत्ताको कारण थातथलो छोड्नुपर्ने स्थितिमा पुग्दा ऊ विद्रोही बनेकी हो । समाजको पुरुषवादी सामाजिक व्यवहार र पितृसत्तात्मक दृष्टिदोषमाथि आशमाया यहाँ कठोर बनेर उभिन बाध्य भएकी छ । सम्पूर्ण आर्थिक संरचना पुरुषमा केन्द्रित भएको सामन्तवादी समाजमा आफ्ना सबै सम्पत्ति शासकहरूका स्वार्थमा छाड्नभन्दा आफ्नो पहिचान र प्रतिनिधित्वको निम्ति सङ्घर्षको मैदानमा एक्लै उभिएर शासकहरूका विरुद्ध प्रतिरोधमा उत्रने निर्णय गरेर आशमायाले उपन्यासमा क्रान्तिकारी नारीको पहिचान स्पष्ट गरेकी छ । आशमायाको यही विद्रोही चेतको सशक्त अभिव्यक्तिले मूलधारमा रहेका कथित प्रभुत्वशालीहरूको अगाडि प्रतिरोधी सामर्थ्य प्रस्तुत गरेको छ ।

विवेच्य उपन्यासमा उपस्थापित पात्रहरूमा आशमाया सचेत पात्र हो । उसले उपन्यासका सामन्त गुरूज्यू र ठुलाघरे काजीहरूसँग सङ्घर्ष गरेकी छ । उसलाई सामन्तहरूले घर निकाला गर्न चाहेका छन् । सामन्त काजी आफ्नो घर जाने मोटर बाटोको लागि जग्गा आवश्यक परेको बहाना गरी प्रशासनको सहयोगमा उसका घर टहरा भत्काउन तयार भएको छ । गरिब आशमायालाई "अब यो घरबारीबाट पनि खेद्ने भएको छ रे त्यो बूढो" (पृ. ४५) भनेर उपन्यासमा सामन्तले उसलाई घरबाट निकाल्न चाहेको कुरा स्पष्ट पारिएको छ । उपन्यासमा सामन्त वर्गको अहङ्कार र स्वार्थले गरिब सबाल्टर्नमाथि अन्याय भएको छ । उच्च वर्गीय दम्भले मान्छेका विवेक कसरी क्षयीकरण गर्छ भन्ने कुरा समाजकी एउटी श्रमजीवी नारीमाथि सामन्त वर्गबाट गरिएको अपराधजन्य क्रियाकलापले पुष्टि गरेको छ । सम्भ्रान्त वर्गको विवेकहीनताका कारण समाजमा आशमाया जस्ता सबाल्टर्नहरूले शारीरिक, मानसिक र भौतिक क्षति व्यहोर्नु परेको छ । उपन्यासमा सबाल्टर्न आशमायाको वर्गचेतनाले वर्गीय पहिचानको खोजी गरेको छ । मालिकहरूका व्यभिचार र उत्पीडनको फेहरिस्त सुनाउँदै उसले कथित पञ्चभलाद्मीका अगाडि वर्गीय प्रतिनिधित्व र पहिचानका निम्ति विद्रोहको स्वर प्रस्तुत गरेकी छ । 'मान्छे सत्यको पक्षमा छ र सत्य उसको जीवनको यथार्थ बनेको छ' भन्ने कुरा सबाल्टर्न आशमायाको भोगाइले प्रमाणित गरेको सन्दर्भ उपन्यासमा प्रस्तुत भएको छ । गरिबी अभाव, विपन्नता, रोग र भोकले सताइएकी उपन्यासको निम्न वर्गकी प्रतिनिधि आशमाया समाजका कुलीन वर्गको उपेक्षा र भेदभावमा पनि निराशाले आत्माहत भएकी छैन बरु समाजका वजनहीन र निकृष्ट शासक वर्गका विरुद्ध सङ्घर्षको प्रतीक बनेर उभिएकी छ । समाजमा सबाल्टर्न वर्गको वर्गीय पहिचान, प्रतिनिधित्वको अवस्था, चिन्तन र व्यवहारलाई विनष्ट गर्ने अभिजात वर्गका क्रियाकलाप र सोचका विरुद्ध खरो उत्रेकी आशमायाको गौरवपूर्ण, सम्मानित र अमर मृत्युको चर्चा उपन्यासमा गरिएकाले विवेच्य उपन्यास प्रगतिवादी मूल्य बोकेको उत्कृष्ट उपन्यास मानिन्छ ।

सामाजिक संरचनाका हरेक एकाइमा प्रभुत्वशाली वर्गको पहुँच तथा वर्चस्व हुने भएकाले समाजमा निम्न वर्गका मानिसलाई श्रम बेचेर बाँच्न पनि कठिनाई पर्दछ । यस कुराको पुष्टि विवेच्य उपन्यासको सबाल्टर्न आशमायाको आर्थिक एवम् सामाजिक अवस्थाले गरेको छ । उपन्यासकी सबाल्टर्न आशमाया सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक दृष्टिले मूलधारबाट बाहिर छे । समाजको शक्तिकेन्द्रभन्दा पर रहेर अधिकारविहीन अवस्थामा बाँचिरहेकी आशमाया शक्तिकेन्द्रको हैकमबाट ताडित छ । प्रभुत्वशाली काजी र गुरुज्यूहरूबाट जति नै अपमानित भएपनि उसले सचेततापूर्वक विद्रोह गर्न छाडेकी छैन । उपन्यासमा आशमायाको सचेत प्रतिरोध यसरी प्रकट भएको छ : "ऐले आएर ठुलो बाबु, सानो बाबुले यो धारामा "किन आइस् ? भनेर फेरि पनि मुखछाडा गरेछन् भने उसले पनि भन्न जानेकी छे । सबै दुनियाले पानी खाउन् भनेर त सरकारले त्यो धारो बनाइदिएको हो भनेर" (पृ. ११) । आफूलाई असहयोग गर्नेहरूका विरुद्ध उसले खरो जवाफ दिएकी छ । उपन्यासमा आफ्नो भविष्य नै समाप्त पार्न खोज्ने सामन्तहरूका विरुद्ध सक्रियताका साथ सङ्घर्षमा लाग्ने प्रतिबद्धता आशमायाले गरेकी छ । गाउँका सामन्त, मुखिया काजीहरूबाट अपमानित आशमायालाई शक्तिकेन्द्रित सम्भ्रान्त वर्गमैत्री संरचनाले थिचेको छ । निम्न वर्गीय परिवारमा जन्मिएर कठिन जीवनयापन गर्दै आएकी आशमाया उपन्यासमा अस्तित्व र पहिचानको लागि लडेकी छ । सामाजिक संरचनाका कुनै पनि तह वा स्थानमा नअटाएकी उसले उपन्यासमा सङ्घर्षका माध्यमबाट 'स्व' को खोजी गरेकी छ । हातमा एक्लै खुकुरी लिई शासकहरूको सामुन्ने उभिएर प्रतिरोधका लागि तयार भएकी आशमायाले मूलधारको प्रतिनिधित्व र पहिचानको निम्ति वर्गचेतनालाई सशक्त बनाएकी छ । परिस्थितिले क्रान्तिकारी योद्धा बनेकी उसले शासक र शक्तिकेन्द्रलाई रिझाएर होइन चिढ्याएर र विद्रोह गरेर वर्गीय प्रतिनिधित्व र पहिचानको खोजी गरेकी छ ।

## निष्कर्ष

*आशमाया* उपन्यासमा मुख्य पात्र आशमाया शासक वर्गद्वारा हेपिएकी सबाल्टर्न हो । समाजको शक्ति संरचनाले आशमायालाई कमजोर बनाएको छ । उपन्यासको सामाजिक परिवेश आशमायाको पक्षमा छैन । सामन्ती दासता र थिचोमिचोले थिल्थिलिएकी आशमाया शासकीय हैकम र शक्तिको अगाडि कमजोर बनेकी छ । आर्थिक आधारका जगमा टेकेर उपन्यासमा सत्तासीन वर्गले आशमाया र उसको परिवारमाथि दासता थोपरेको छ । कपटपूर्ण तरिकाले आशमायाको घरजग्गा उठाउन कोशिस गरेका शासक वर्गले समाजको न्यायविधिमाथि नियन्त्रण गरेर सीमान्तीकरणको स्वरूपलाई मजबुत बनाएको छ । उपन्यासको पूर्वार्धमा सहमतीय आधारमा शोषणको प्रक्रिया तीव्र बनाएका ठुलाघरे काजी, गुरुज्यूका साथै कृत्रिम बुद्धिजीवीको रूपमा रहेका सम्पादक र पत्रकार जस्ता प्रभुत्वशाली वर्गका विरुद्ध आशमाया बोलेकी छ । उपन्यासमा स्वाभिमान र आत्मगौरवले उज्यालिएकी आशमायाले विद्रोही चेतना प्रस्तुत गरेकी छ । उसको विद्रोही चेतनालाई समाप्त पार्न प्रभुत्वशाली वर्गले मूल रूपमा दमनको नीति अवलम्बन गरेको छ । जमिन्दार, मुखिया र सम्भ्रान्त कुलीन वर्गको एकाधिपत्य रहेको समाजमा सबाल्टर्न आशमायामाथि शोषणको स्वरूपलाई मजबुत बनाउन शासक वर्गले सहमति र बलप्रयोग दुवै नीति अवलम्बन गरेतापनि आशमायाले विषम सामाजिक संरचना र शासक वर्गको चरित्रका विरुद्ध प्रतिरोधको स्वर उपन्यासमा उच्च बनाएकी छ ।

साहित्य शिक्षणका सन्दर्भमा प्रस्तुत उपन्यासलाई नारीवादी र प्रगतिवादी कोणबाट अध्ययन गर्न सकिन्छ । उपन्यास शिक्षणका सन्दर्भमा मुख्य पात्र आशमायाको चरित्रचित्रणका साथै तत्कालीन प्रभुत्वशाली वर्गको हैकमका कारण सीमान्तीकृत अवस्थामा पुगेकी आशमायाको लैङ्गिक र वर्गीय अवस्थालाई मूल विषय बनाइ उच्च तहका कक्षाहरूमा शिक्षण गर्न सकिन्छ । यसरी साहित्य शिक्षणका लागि आवश्यक सामग्रीको रूपमा उक्त उपन्यासको शिक्षण गर्दा पात्र विश्लेषण, कथासार लेखन, घटनाक्रम मिलान, संवाद अभिनय र उपन्यासको सन्देश पहिचान जस्ता विषयहरूमा केन्द्रित भई उपन्यास शिक्षणलाई प्रभाकारी बनाउन सकिन्छ । यसै सिलसिलामा *आशमाया* उपन्यासको समाज कस्तो छ ?, यस उपन्यासले सीमान्तीकृत वर्ग वा समुदायको जीवनलाई कसरी हेरेको छ ?, *आशमाया* उपन्यासको शीर्षकले के सन्देश दिन्छ ? जस्ता प्रश्नहरूबाट विद्यार्थीहरूलाई पूर्वज्ञानमा सक्रिय गराउन सकिन्छ । शिक्षक वा विद्यार्थीले अंश वाचन गरेर, उपन्यासभित्र प्रयुक्त कठिन शब्दको उच्चारण र अर्थ स्पष्ट गरेर संवादात्मक शैलीमा प्रस्तुत उपन्यासको शिक्षण गराउन सकिन्छ । उपेक्षित र प्रताडित आशमायाले आफ्नो पहिचानको लागि शासक वर्गले मच्चाएको श्वेत आतङ्कको विरुद्ध सशस्त्र बनेर प्रतिरोधमा कसरी उत्रिएकी छ ?, घरजग्गा नै हडपेर समाजबाट विस्थापित गरिन लागिएकी आशमायाले यहाँ प्रतिनिधित्व र पहिचानको निम्ति द्वन्द्ववादको बिचबाट जीवनको नयाँ मूल्य किन खोजेकी हो ?, उपन्यासमा सबाल्टर्न आशमायाले सामन्तहरूसँग जीवन रक्षाको याचना गरेकी हो कि प्रतिरोध ?, शासक वर्गको अगाडि खुकुरी लिएर प्रतिरोध सङ्घर्षका लागि उभिनु आशमायाको बुद्धिमानिता हो कि धृष्टता ?, के आशमायाको प्रतिरोध क्षमताले त्याग र वीरताको उच्चतम कीर्तिमान कायम गरेको छ ? जस्ता प्रश्नहरूको जवाफको अपेक्षा राखी उपन्यासको शिक्षण गर्न सकिन्छ । आशमायाले न्यायप्रेमी, मुक्तिकामी, उत्पीडित वर्गको प्रतिनिधित्व गरेकी छ कि प्रभुत्वशाली वर्गको स्वार्थमा लय मिलाएकी छ ?, सबाल्टर्न आशमायामा विकास भएको क्रान्तिकारी चेतनाले मूलधारमा प्रतिनिधित्वको खोजी गरेको छ कि छैन ? यस्ता प्रश्नहरूको केन्द्रमा रही विद्यार्थीहरूलाई उपन्यास शिक्षण गरिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, डि.पी (२०२५). *आशमाया*. विराटनगर : पुस्तक संसार ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा*. काठमाडौँ : अक्षर क्रियसन्स ।

Gramsci, Antonio. (1973). *The Prison Notebooks : Selections.* Tras. and Ed. Hoare and Smith. London : Lawrence and Wishart.

Gramsci, Antonio. (2000). Hegemony, Intellectuals and the State'. *Cultural Theory and Popular Culture : A Reader.* Ed J. Storey. Athens : University of Georgia Press.

Guha, Ranjit. (2003) *History at the Limit of world-History.* New Delhi : OUP.

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*. ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन*. ललितपुर : साझा प्रकाशन ।

वाग्ले, मनप्रसाद, कार्की उपेन्द्रकुमार (२०५७). *शिक्षाका आधारहरू*. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०५९) *नेपालको शैक्षिक इतिहास*. (भाग १). काठमाडौँ : मकालु प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३). *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति*. काठमाडौँ : पाठ्यसामग्री पसल ।

शाह, घनश्याम (२०६९). *जात र छुवाछूत. सत्ता विमर्श र दलित*. (सम्पा.) राजेन्द्र महर्जन. ललितपुर : समता फाउण्डेशन ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न*. (दोस्रो संस्क.). काठमाडौँ : डिस्कोर्स पब्लिकेशन।

श्रेष्ठ, तारालाल (२०७४). *सबाल्टर्नकी सार्वजनिक सेलिब्रेटी. समकालीन पाश्चात्य समालोचना सिद्धान्तका प्रणेताहरू*. (सम्पा.) ज्ञानू पाण्डे. काठमाडौँ : नेपाल प्रज्ञा–प्रज्ञा प्रतिष्ठान ।

सिंह, मोहनविक्रम (२०६२). *'एउटा नयाँ र साहसिलो प्रयोग कृत नयाँ घर'*. बुटवल : विश्व नेपाली पुस्तक सदन ।

सुनुवार, रमेश (२०६३). *महिलाहरूका मुक्तिको बारेमा*. (अनु.) काठमाडौँ : प्रगति पुस्तक सदन ।

सुनुवार, रमेश (२०६४). *मार्क्सवादको रूपरेखा*. (अनु.) काठमाडौँ : मार्क्सवाद अध्ययन–अनुसन्धान प्रतिष्ठान ।

सुनुवार, रमेश (२०६५). *मार्क्सवादका आधारभूत सिद्धान्तहरू*. (सम्पा.) काठमाडौँ : प्रगति पुस्तक सदन ।

सुनुवार, रमेश (२०६९). *महिला*. (अनु.) काठमाडौँ : प्रगति पुस्तक सदन बागबजार ।

सुब्बा, मनप्रसाद र रेमिका थापा (सन् २०११). *किनारा विमर्श*. (सम्पा.) दार्जिलिङ : गामा प्रकाशन ।

सुवेदी, अभि (२०६८). *सबाल्टर्न इतिहास र बोली. शक्ति, स्रष्टा र सबाल्टर्न*. (दोस्रो संस्क.) काठमाडौँ : डिस्कोर्स पब्लिकेशन ।

सुवेदी, राजेन्द्र (२०६२ क). 'प्रगतिशील नेपाली उपन्यास : परम्परा र प्रवृत्ति'. *प्रलेस*. वर्ष १०. पूर्णाङ्क १४.,पृ.२७–३५ ।

सुवेदी राजेन्द्र (२०६२ ख). 'औपन्यासिक तत्त्वका आधारमा रातो आकाश उपन्यासको अध्ययन'. *वेदना*. वर्ष ३२.अङ्क १. पूर्णाङ्क ७५., पृ.५–१३।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य*. काठमाडौँ : पाठ्यसामग्री प्रकाशन।

सुवेदी, राजेन्द्र र गौतम लक्ष्मणप्रसाद (२०६८). *रत्न बृहत् नेपाली समालोचना*. काठमाडौँ : रत्न पुस्तक भण्डार।

Spivak, G.C. (1988). *Can the Sabaltern Speak ?* London : Macmilan.